नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद व्यवस्थापन शाखा)

फोन नं. ४२००३०६
फ्याक्स नं. ०१-४२००३३६
web page: www.mofald.gov
सिंहदरबार, काठमाण्डौ ।

पत्र संख्या वा.व्य.शा.२०७४/७५
च.न: २४९

मितिः२०७५।०९/३०

श्री जिल्ला समन्वय समितिको कार्यालय (सबै)

विषय : अधिकार प्रत्यायोजन सम्वन्धमा |

वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियमाबाली २०५४ बमोजिम नदिजन्य पदार्थको संकलन/उत्खनन् सम्बन्धि प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसूची तथा प्रतिवेदन स्वीकृत गर्ने यस मन्त्रालयमा रहेको अधिकार वातावरण संरक्षण नियमावली ,२०५४ को नियम (५२)२ बमोजिम अर्को व्यवस्था भए सोहिवमोजिम हुनेगरी हाललाई मिति २०७५/१२/३० सम्म तपसील बमोजिम गर्नेगरी नेपाल सरकार (मा. मन्त्रीस्तर) बाट मिति २०७५/०९/ ३० मा निर्णय भएकोले सोहि बमोजिम गर्नुहुन अनुरोध छ ।

तपशिलः

१. वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियमावली २०५४ बमोजिम नदिजन्य पदार्थको संकलन/उत्खनन् सम्बन्धि प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसूची तथा प्रतिवेदन स्वीकृत गर्ने अधिकार अर्को व्यवस्था भए सोहिवमोजिम हुनेगरी हाललाई २०७५ चैत्र मसान्तसम्म सम्बन्धित जिल्ला समन्वय समितिलाई प्रत्यायोजन गर्ने,
२. प्रत्यायोजित अधिकार बमोजिम स्वीकृत भएका प्रारम्भिक वातावरणीय परिक्षणको प्रतिवेदन कार्यान्वयन अवस्थाको अनुगमन मन्त्रालयको वातावरण व्यवस्थापन शाखाले गर्ने,
३. बुँदा नं. १ अनुसार प्रत्यायोजित अधिकार बमोजिम प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसूची तथा उक्त कार्यसूची अनुसार तयार गरिएको प्रतिवेदन जिल्ला समन्वय समितिले वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियमावली, २०५४ को अधिनमा रही स्वीकृत गर्दा निम्न शर्तहरु समेतको पालना गर्ने,

शर्तहरु

१) जिल्ला समन्वय समितिले प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसुची तथा प्रतिवेदन स्वीकृत गर्नु अघि जिल्लास्तरीय प्रारम्भिक वातावरणीय परिक्षण पुनरावलोकन तथा सिफारिस समिति जिल्ला समन्वय समितीका समन्वय अधिकारीको संयोजकत्वमा देहाय वमोजिमको गठन गरी सो समितिमा मस्यौदा प्रतिवेदन उपर छलफल गराई समितिको सिफारिसको आधारमा प्रतिवेदन स्वीकृत गर्नुपर्ने व्यवस्था गर्ने ।

| | |
|---|---|
| क) जिल्ला समन्वय समितीका समन्वय अधिकारी | संयोजक |
| ख) जिल्ला समन्वय समितिले तोकेको जिल्ला वन कार्यालय वा प्रदेश बन कार्यालयको अधिकृत प्रतिनिधि | सदस्य |
| ग) जिल्ला प्रशासन कार्यालयको अधिकृतस्तरको कर्मचारी प्रतिनिधि | सदस्य |
| घ) जिससको इन्जिनीयर वा समन्वय समितिले तोकेको इन्जिनीयर | सदस्य |
| ङ) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| च ) जिल्ला समन्वय अधिकारीले तोकेको अधिकृत | सदस्य सचिव |

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद व्यवस्थापन शाखा)

फोन नं. ४२००३०६
फ्याक्स नं. ०१-४२००३३६
web page: www.mofald.gov
सिहदरबार, काठमाण्डौ ।

पत्र संख्या वा.व्य.शा.२०७४/७५
च.नः

मितिः२०७५।०९/३०

२) नदीजन्य पदार्थको उत्खनन् सम्बन्धी कार्यका लागि प्रारम्भिक वातावरणीय परिक्षणको प्रस्तावक सम्बन्धित स्थानीय तह रहने,

३) जिल्लास्तरीय प्रारम्भिक वातावरणीय परिक्षण पुनराबलोकन तथा सिफारिश समितिले प्रचलित कानून बमोजिम खुलाउनुपर्ने विवरणको अलावा प्रतिवेदनमा देहायको विषयहरु समावेश भए नभएको एकिन गरी नभएको भए समावेश गर्न लगाएर मात्र सिफारिस गर्नुपर्नेछ

क )संकलन/उत्खनन् वा दोहन गर्ने कञ्चा पदार्थको स्थान, क्षेत्रफल, परिमाण, समयावधि र श्रोतको विवरण तथा त्यस्तो क्षेत्रको रेखांकन सहितको नक्शा,

ख )नदिजन्य पदार्थ संकलन/उत्खनन् गर्दा प्रयोग गर्ने विधि र सो विधिमा प्रयोग हुने मेशिन औजार उपकरण तथा यन्त्र,

ग )प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्दा परामर्शदाताको विज्ञ समूहमा कम्तिमा देहायका विज्ञ समावेश भएको हुनुपर्नेछ

१) जियोलोगिस्ट - १ जना
२) वातावरणविद् - १ जना
३)आवश्यकतानुसार सम्बन्धित विज्ञ (सामाजिक, आर्थिक आदि)
४)प्रतिवेदनमा प्रस्तुत नकरात्मक असर न्यूनीकरणका लागि अपनाइएका उपायहरुको विश्लेषण गरी कार्यान्वयनका लागि आवश्यक बजेट समेत विनियोजन गर्ने,

४) प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत गर्दा यस सम्बन्धि सम्मानित सर्वोच्च अदालतबाट भएका निर्णय, नेपाल सरकारका निर्णयहरुसमेत पालना हुने गरी गर्ने,
५) प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको जिल्ला अनुगमन तथा समन्वय समितिमार्फत गरिने जिल्लास्तरीय अनुगमन कार्ययोजना समेत प्रतिवेदनको अंशका रुपमा समावेश गर्ने , जिल्ला अनुगमन तथा समन्वय समितिमार्फत हुने अनुगमनको प्रतिवेदन मन्त्रालयमा उपलब्ध गराउने,
६) स्वीकृत प्रतिवेदनको प्रमाणित प्रतिलिपि १५ दिन भित्र मन्त्रालयको वातावरण व्यवस्थापन शाखामा उपलब्ध गराउने, साथै विद्युतीय कपी सम्बन्धित स्थानीय तहको वेबसाइटमा अनिवार्य रुपमा राख्ने
७) प्रत्यायोजित अधिकारको कार्यन्वयन सम्बन्धमा कुनै बाधा अड्चन आएमा परेको बाधा र सोको समाधानका लागि सम्भाव्य उपायसहित मन्त्रालयमा निकासका लागि लेखि पठाउने
८) प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत गर्दा लाग्ने प्रशासनिक खर्चको व्यवस्था प्रस्तावक स्थानीय तहले मिलाउने।

सीता दुवाडी
शाखा अधिकृत

**वोधार्थ :**
श्री सूचना तथा प्रविधि शाखा - स.मा.तथा सा.प्र.म.-प्रस्तुत पत्र मन्त्रालयको website मा upload गरिदिनुहन।
श्री महानगरपलिकहरु (सबै)
श्री उपमहानगपलिकहरु (सबै)
श्री स्थानीय तहहरु (सबै)